अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बर्दिबास नगरपालिका

स्थानीय राजपत्र

खण्डः १  संख्याः ५  मितिः२०७५/०३/२५

भाग-१

बर्दिबास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

बर्दिबास राजपत्र

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बर्दिबास नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम बर्दिबास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन बर्दिबास नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** :(१)बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले बर्दिबास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बर्दिबास नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले यस बर्दिवास नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ.) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१)नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बर्दिबास नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बर्दिबास नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र

मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

बन्दिवास राजपत्र